लमही नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लमही दाङ

लुम्बिनी प्रदेश, नेपाल

प.सं: २०८१/०८२

च.नः १८८६

मितिः २०८२।०१।०३

विषयः छात्रवृत्ति सम्बन्धमा ।

श्री संस्थागत विद्यालयहरु (सबै)

लमही नगरपालिका, दाङ ।

प्रस्तुत विषयमा नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको संस्थागत विद्यालयमा शुल्क निर्धारण एवं छात्रवृत्ति र सोको व्यवस्थापन सम्बन्धमा सबै स्थानीय तहहरुलाई गरेको अनुरोध पत्र यसैसाथ संलग्न छ । साथै शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा तयार पारिएको संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि, २०७४ को परिच्छेद ४ को ४.२.१ बमोजिमको समितिद्वारा स्वस्थ र निश्पक्ष ढंगबाट तोकिएबमोजिमको विद्यार्थीको आरक्षण कोटा सुनिश्चित गरी त्यसको विवरण २०८२।०१।३० गतेसम्म यस लमही नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुहुन लमही नगरपालिका शिक्षा समितिको मिति २०८१।१२।२८ गतेको निर्णयानुसार अनुरोध छ।

भवानी गिरी

शिक्षा अधिकृत

भवानी गिरी
शिक्षा अधिकृत

बोधार्थ,

- श्री वडा कार्यालयहरु (सबै) - आ-आफ्नो वडाभित्रका संस्थागत विद्यालयको छात्रवृत्ति वितरण समितिमा उपस्थित भई आवश्यक सहजीकरण गरिदिनुहुन।

**सार्वजनिक विद्यालयमा निःशुल्क शिक्षा र निजी लगानीका (संस्थागत) विद्यालयमा शुल्क निर्धारण एवम् छात्रवृत्ति र सोको व्यवस्थापन सम्बन्धमा सबै स्थानीय तहहरुलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको अनुरोधः**

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत खण्ड (ज) आधारभूत र माध्यमिक शिक्षा तर्फ बुँदा नं १६ मा निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन सम्बन्धमा व्यवस्था भएकोले सोही बमोजिम स्थानीय तहबाट स्वीकृत कानून (मापदण्ड वा निर्देशिका वा कार्यविधि वा अन्य) समेतका आधारमा सार्वजनिक विद्यालयमा निःशुल्क शिक्षा र निजी लगानीका विद्यालयमा शुल्क निर्धारण एवम् छात्रबृत्ति वितरण सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न गराउनु हुन ।

२. अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी नियमावली, २०७७ को नियम ५ मा उल्लेख भए बमोजिम सार्वजनिक विद्यालयले माध्यमिक तहसम्म विद्यार्थी भर्ना शुल्क, मासिक पढाइ शुल्क, परीक्षा शुल्क र पाठ्यपुस्तक बापत कुनै पनि शीर्षकमा शुल्क लिन नपाउने व्यवस्थालाई सोही बमोजिम कार्यान्वयन गर्ने गराउने व्यवस्था हुन ।

३. अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी ऐन, २०७५ को दफा २७ को उपदफा (३) मा उल्लेख भए बमोजिम प्रत्येक निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयले प्रारम्भिक बालबिकास तथा शिक्षादेखि बाह्र कक्षासम्मका पाँच सय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तिमा दश प्रतिशत, पाँच सयदेखि आठ सय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तिमा बाह्र प्रतिशत र आठ सयभन्दा बढी विद्यार्थी सङ्ख्या भएका विद्यालयले कम्तीमा पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था कार्यान्वयन गर्ने गराउने व्यवस्था हुन ।

४. अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी नियमावली, २०७७ को नियम ११ र १२ मा उल्लेख भए अनुसार स्थानीय तहका अध्यक्ष वा प्रमुखको अध्यतामा छात्रवृत्ति व्यवस्थापन समिति गठन र तोकिए बमोजिमको प्रक्रिया पूरा गरी नियमानुसार प्रदान गरिने छात्रवृत्ति र विशेष व्यवस्था तथा अवसर प्राप्त गर्ने बालबालिकाको पहिचान, छनौट तथा वितरणको उचित व्यवस्थापन र सोको अनुगमन गर्ने गराउने व्यवस्था हुन ।

५. शिक्षा नियमावली, २०५९ को नियम १४७ को उपनियम २ सँग सम्वन्धित अनुसूची २२ को खण्ड (ख) ले तोकेका शुल्क निर्धारणका आधारहरुको प्रयोग गरी नियम १४७ को उपनियम (२), (३), (४) र (५) अनुसार निजी लगानीका (संस्थागत) विद्यालयको शुल्क निर्धारण गर्ने गराउने व्यवस्था हुन ।

६. निजी लगानीका (संस्थागत) विद्यालयहरुले शिक्षा नियमावली २०५९ को नियम १४६ ले तोकेका शीर्षक (मासिक पढाइ, वार्षिक, अर्ना, परीक्षा, कम्प्यूटर, स्थानान्तरण प्रमाण पत्र, विशेक्ष प्रशिक्षण, आवाशु परिवहन र भोजन शुल्क) बाहेक शुल्क लिन नपाइने हुँदा नियम १४६ का साथै संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२ को दफा १४.१ अनुसार शुल्कको अधिकतम सीमा, कायम गरी तोकिए बमोजिम शुल्क निर्धारण गर्ने गराउने ब्यवस्था कार्यान्वयन हुन ।

७. विद्यालयहरुले आफ्ना विध्यार्थीहरुलाई विध्यालय परिसर भित्रै वा विद्यालयले तोकेको स्थान/पसलबाट पुस्तक, स्टेशनरी, पोशाक लगायतका सामग्री खरिद गर्न अनिवार्य गर्ने गरेको जनगुनासो प्राप्त हुन आएकोले यस खालको कार्य अविलम्व बन्द गरी अभिभावकलाई खुला बजारबाट खरिद गर्ने अवसर प्रदान गर्ने गराउने ब्यवस्थाका लागि आवश्यक सहजीकरण हुन ।

८. विद्यालयहरुले प्रदान गर्ने छात्रवृत्ति र संस्थागत विद्यालयको शुल्क सम्बन्धी विवरण तथा सोको कार्यान्वयनको अवस्था बारे स्थानीय स्तरमा सम्बन्धित गाउँ तथा नगरपालिकाबाट र जिल्ला स्तरमा जिल्ला समन्वय समितिबाट अनुगमनको व्यवस्था हुन ।

९. शुल्क र छात्रवृत्तिको विवरण सम्बन्धित विद्यालय र गाउँ तथा नगरपालिकाबाट वेबसाइट वा अरु माध्यमबाट सार्वजनिक गर्न हुन ।

१०. उल्लिखित विषयलाई विद्यालयको मूल्याङ्कनको आधार बनाउन हुन ।

# संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि, २०७४

**प्रस्तावना**

नेपालको संविधानले माध्यमिक शिक्षाको व्यवस्थापन स्थानीय तहको क्षेत्राधिकार भित्र राखेको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको कार्यक्षेत्र भित्र छात्रवृत्तिको व्यवस्थापन गर्ने भन्ने उल्लेख छ । शिक्षा ऐन २०२८ (नवौं संशोधन सहित)ले कक्षा एघार र बाह्रलाई माध्यमिक विद्यालयको संरचना भित्र ल्याएको छ । यस अघि संस्थागत विद्यालयले प्रदान गर्दै आएको दश प्रतिशत छात्रवृत्तिलाई कक्षा बाह्र सम्म प्रदान गर्ने सन्दर्भमा संघिय शासन संरचना अनुरुप स्थानीय तहमा संस्थागत विद्यालयले प्रदान गर्ने छात्रवृत्ति वितरणलाई एकरुपता कायम गर्न, विद्यमान छात्रवृत्ति वितरणको व्यवस्थालाई समय सापेक्ष परिवर्तन गरी जेहेनदार, विपन्न, अपाङ्ग, महिला, दलित, जनजाति, जनआन्दोलन तथा मधेश आन्दोलनका घाइते, वेपत्ता तथा शहिद परिवारका सन्ततिहरूले छात्रवृत्ति प्राप्त गर्ने अवस्थालाई सुनिश्चित गर्न र छात्रवृत्ति वितरणको व्यवस्थालाई पारदर्शी तथा आवश्यकता लक्षित बनाउन आवश्यक देखिएकोले स्थानीय तहलाई छात्रवृत्ति व्यवस्थापन गर्नको लागि मार्गदर्शनको रुपमा यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद एक

**१. सङ्क्षिप्त नाम र प्रारम्भ**

१.१ यो कार्यविधिको नाम **संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि, २०७४** रहेको छ ।

१.२ यो कार्यविधि स्वीकृत भएको मितिबाट ~~लागू हुनेछ~~ । प्रारम्भ हुनेछ ।

१.३ यो कार्यविधि संस्थागत विद्यालयहरूको हकमा मात्र लागू हुनेछ ।

## परिच्छेद दुई

**२.परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

२.१ **मन्त्रालय** भन्नाले शिक्षा मन्त्रालयलाई जनाँउछ ।

२.२ **विभाग** भन्नाले शिक्षा विभागलाई जनाँउछ ।

२.३ **विद्यालय** भन्नाले नेपाल सरकारबाट संस्थागत विद्यालयको रुपमा अनुमति लिएका विद्यालयलाई जनाँउछ, साथै सो शब्दले सार्वजनिक शैक्षिक गुठी, निजी शैक्षिक गुठी, सहकारी तथा कम्पनीको रुपमा अनुमति प्राप्त गरी नेपाल सरकारबाट अनुदान नपाउने गरी सञ्चालित विद्यालयहरूलाई समेत जनाँउछ ।

२.४ **छात्रवृत्ति** भन्नाले तोकिएको आधार अनुसार छनौट भएका विद्यार्थीहरूलाई विद्यालयले निःशुल्क अध्ययन गर्नको लागि प्रदान गरेको सुविधालाई जनाँउछ ।

## परिच्छेद तीन

**३. उद्देश्य**

यस कार्यविधिका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

३.१ छात्रवृत्ति वितरणको व्यवस्थालाई पारदर्शी र व्यवस्थित बनाउनु ।

३.२ लक्षित वर्गले छात्रवृत्ति प्राप्त गर्ने अवस्था सुनिश्चित गर्नु ।

३.३ छात्रवृत्ति व्यवस्थापनसँग सम्बन्धित निकायहरूको भूमिका स्पष्ट पार्नु ।

## परिच्छेद चार

**४.१. समिति सम्बन्धी व्यवस्था**

**४.१.१. स्थानीय तहको छात्रवृत्ति व्यवस्थापन समिति सम्बन्धी व्यवस्था**

स्थानीय तहमा देहायका पदाधिकारीहरू रहको एक छात्रवृत्ति व्यवस्थापन समितिको गठन हुनेछ

क) नगर वा गाँउ शिक्षा समितिका संयोजक वा सो समिति गठन नभएको अवस्थामा स्थानीय तहको प्रमुखले तोकेको स्थानीय तहको प्रतिनिधि ............................................................................................ संयोजक

ख) निजी तथा आवासीय विद्यालयको सङ्घ सङ्गठनको प्रतिनिधि दुई जना ........................................ सदस्य

ग) स्थानीय तहमा क्रियाशिल अभिभावक सङ्घ सङ्गठन वा उक्त समिति क्रियाशिल नभएको अवस्थामा शिक्षा अधिकृतको सिफारिसमा संयोजकले तोकेको आधारभूत र माध्यमिक विद्यालय समेतको प्रतिनिधित्वहुने गरी अभिभावक प्रतिनिधि दुई जना ......................................................................................................सदस्य

घ) शिक्षा अधिकृतको सिफारिसमा संयोजकले तोकेको शिक्षा विज्ञ एक जना.........................................सदस्य

ङ) स्थानीय तहको शिक्षा अधिकृत ........................................................................ सदस्य सचिव

कक्षा एघार र बाह्रको छात्रवृत्ति वितरण गर्ने समितिको बैठकमा राष्ट्रिय परीक्षा बोर्डको कार्यालय रहेको स्थानीय तहमा सो बोर्डको कर्मचारीलाई प्रतिनिधिको रुपमा आमन्त्रण गर्नु पर्नेछ ।

छात्रवृत्ति व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

बैठक सन्चालन सम्वन्धी कार्यविधि समिति आफैले तयार गरे बमोजिम हुनेछ ।

**४.१.२. स्थानीय तहको छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**

स्थानीय तहको छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ :

क) शैक्षिक शत्र शुरु हुनु दुई महिना अगावै विद्यालयले स्थानीय तहमा पेश गर्नु पर्ने विद्यार्थी संख्या र १० प्रतिशतले हुने छात्रवृत्ति कोटा प्राप्त नभएको भए यथाशिध्र पेश गर्ने व्यवस्था मिलाउने ।

ख) प्राप्त कोटाको आधारमा विद्यालय आफैले आवेदन लिने गरि शैक्षिक शत्र शुरु हुनु एक महिना अगावै सार्वजनिक सूचना आव्हान गर्ने व्यवस्था मिलाउने ।

ग) विद्यालयहरूले प्रदान गरेको छात्रवृत्ति वास्तविक लक्षित वर्गले पाए नपाएको अनुगमन गर्ने, विद्यालय छात्रवृत्ति वितरण समितिले विद्यार्थीलाई छात्रवृत्तिबाट बञ्चित गराएको विषयमा परेको निवेदन उपर पुनरावलोकन गरी उचित र न्यायसंगत रुपमा समस्याको टुङ्गो लगाउने ।

घ) शिक्षा ऐन तथा नियमावली अनुसार विद्यालयले प्रदान गर्नु पर्ने छात्रवृत्ति विद्यार्थीहरूले पाए नपाएको अनुगमन तथा व्यवस्थापन गर्ने ।

ङ) छात्रवृत्तिलाई व्यवस्थित गर्न यस कार्यविधि प्रतिकुल नहुने गरी आवश्यक नियमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने ।

च) छात्रवृत्तिका सम्बन्धमा तालुक निकायले दिएको निर्देशानुसार काम गर्ने गराउने ।

**<u>४.२.१ विद्यालयतहको छात्रवृत्ति वितरण समिति सम्बन्धी व्यवस्था</u>**

विद्यालयमा छात्रवृत्ति वितरणलाई व्यवस्थित गर्न देहायका सदस्यहरू रहेको एक छात्रवृत्ति वितरण समितिको गठन गर्नु पर्नेछ ।

क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा संस्थापक वा सञ्चालक समितिको प्रमुख वा निजले तोकेको समितिको सदस्य ................................................................ संयोजक

ख) विद्यालयमा रहेको शिक्षक अभिभावक सङ्घको अध्यक्ष वा निजले तोकेको एकजना प्रतिनिधि ................................................................ सदस्य

ग) स्थानीय वडा समितिले तोकेको वडा समितिको सदस्य.............................................. सदस्य

घ) स्थानीय तहको शिक्षा अधिकृतले तोकेको स्रोत व्यक्ति .............................................. सदस्य

ङ) विद्यालयको प्रधानाध्यापक ................................................................ सदस्य सचिव

समितिको वैठक आवश्यकता अनुसार बस्नेछ ।

वैठक सम्बन्धी कार्यविधि समिति आफैले व्यवस्थित गर्न सक्नेछ ।

समितिले आवश्यकता अनुसार विज्ञहरूलाई आमन्त्रण गर्न सक्नेछ ।

**<u>४.२.२ छात्रवृत्ति वितरण समितिको काम, कर्तव्य र अधिकार</u>**

छात्रवृत्ति वितरण समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार रहेको छ

क) विद्यालयले चालु शैक्षिक शत्रको कक्षागत विद्यार्थी सङ्ख्याको आधारमा आगामी शैक्षिक शत्रको लागि दश प्रतिशत छात्रवृत्ति कोटा एकिन गर्ने र सो को जानकारी शैक्षिक शत्र शुरु हुनु भन्दा दुई महिना अगावै स्थानीय तहको छात्रवृत्ति व्यवस्थापन समितिलाई गराउने ।

ख) स्थानीय तहको छात्रवृत्ति व्यवस्थापन समितिले दिएको निर्देशानुसार विद्यालयले सार्वजनिक सूचना प्रकाशन गरी आवेदन लिने व्यवस्था गर्ने ।

ग) प्राप्त आवेदनहरू छानविन गरी स्थानीय तहको समन्वयमा परीक्षाको मिति तोकि परीक्षा सञ्चालन गर्ने र परीक्षा भएको मितिले एक हप्ता भित्र नतिजा प्रकाशन गर्ने व्यवस्था मिलाउने ।

घ) परीक्षामा उर्त्तिण हुनेहरूको हकमा कक्षागत र आरक्षित समुहको योग्यताक्रमको आधारमा छात्रवृत्तिको अन्तिम नामावली तयार गरी सम्बन्धित विद्यार्थीलाई जानकारी गराउने ।

ङ) यसरी छात्रवृत्तिमा छनौट भएका विद्यार्थीहरूलाई भर्ना शुल्क, मासिक शिक्षण शुल्क र परीक्षा शुल्क लिन नपाउने व्यवस्था गर्ने ।

च) छात्रवृत्तिमा छनौट भएका विद्यार्थीहरूलाई निजको मञ्जुरी वेगर आवास, भोजन, यातायात जस्ता अन्य विषयमा वस्नै पर्ने, लिनै पर्ने बाध्यात्मक परिस्थिती सिर्जना नगर्ने व्यवस्था गर्ने ।

छ) परिच्छेद पाँच को ५.१ को बुदाँ (ग) अनुसारको अवस्था भए नभएको एकिन गर्ने,

ज) छात्रवृत्ति प्रदान गरेको प्रक्रिया तथा छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूको नामनामेसी विवरण शैक्षिक शत्र शुरु भएको साठी दिन भित्र सोको प्रतिवेदन स्थानीय तहको छात्रवृत्ति व्यवस्थापन समितिलाई अनिवार्य रुपमा बुझाउने ।

झ) छात्रवृत्तिका सम्बन्धमा तालुक निकायले दिएको निर्देशानुसार काम गर्ने ।

## परिच्छेद पाँच

**५.१ छात्रवृत्ति कोटा सम्बन्धी व्यवस्था** क) विद्यालयले चालु शैक्षिक शत्रमा भर्ना भइ अध्ययनरत कुल विद्यार्थीको दश प्रतिशत कोटा छात्रवृत्तिको लागि छुट्याउनु पर्नेछ । यसरी छुट्याइएको छात्रवृत्तिकोटा आधारभूत तथा माध्यमिक तहको प्रत्येक कक्षाको लागि दश प्रतिशतका दरले हुने गरी व्यवस्था गर्नुपर्नेछ । कुन कक्षाको कोटा कुन आरक्षित वर्गको लागि हो भन्ने विषय स्वघोषणा गर्ने कार्य विद्यालय छात्रवृत्ति वितरण समितिको हुनेछ ।

ख) कुन कक्षाको लागि कतिओटा कोटा आरक्षित समुहको लागि हो अग्रिम एकिन गरी उक्त कोटाको लिखित जानकारी विद्यालय रहेको स्थानीय तहलाई शैक्षिक शत्र शुरु हुनु दुई महिना अगावै उपलब्ध गराउनु पर्नेछ ।

ग) कुनै कक्षामा छात्रवृत्ति पाएको विद्यार्थी निम्न अवस्थामा माथिल्लो कक्षामा छात्रवृत्ति प्राप्त गर्न ग्राह्य हुनेछैनन् :

१) जम्मा विद्यालय खुलेको दिनको असी प्रतिशत हाजिरी नभएमा,

२) कानूनले तोके भन्दा कम उमेरमा विवाह गरेमा,

३) कक्षा उर्तिण गर्न नसकेमा,

४) गलत वा झुठा विवरण भरेको प्रमाणित भएमा र

५) शिक्षा नियमावली र विद्यालयले तयार गरेको आचारसंहिता उल्लंघन गरेको प्रमाणित भएमा,

घ) अर्को शैक्षिक शत्रमा छात्रवृत्तिकोटा कायम गर्दा विगतमा पाइरहेको कोटा रिक्त भएमा सो समेत थप गरी कोटा एकिन गर्नुपर्नेछ । यसरी कोटा एकिन गर्दा जुन आरक्षित समुहको रिक्त भएको छ सो कोटा मात्र माग गर्नुपर्नेछ ।

तर विपन्नताको हकमा प्रत्येक बर्षको शैक्षिक शत्र समाप्त भए पछि निज विद्यार्थीहरूको बुदाँ न (ग) मा उल्लेख भएको विषयका अतिरिक्त सहकारी तथा गरिबी निवारण मन्त्रालयले वितरण गरेको गरिबी कार्ड वा विद्यार्थीको परिवारको कुनै पनि सदस्यको नोकरी, व्यापार, व्यवसाय र आय-आर्जनको व्यवस्था नभई जीवन निर्वाह गर्न न्यूनतम आवश्यक पर्ने आम्दानी नभई अनिवार्य शिक्षाको लागि आवश्यक पर्ने पाठ्यपुस्तक तथा कापीकलम जस्ता स्टेशनरी उपलब्ध गराउन नसक्ने अवस्थामा रहेको, भूमि सम्बन्धी ऐन, २०२१ बमोजिम जग्गावालाको हैसियतले राख्न पाउने अधिकतम हदवन्दीको तराई तथा उपत्यका, पहाडी र हिमाली क्षेत्रमा क्रमशः पाँच, दश र पन्ध्र प्रतिशत भन्दा कम खेती योग्य जग्गा रहेको, वा राष्ट्रिय योजना आयोगबाट परिभाषित भए बमोजिम निरपेक्ष गरिबीको रेखामा पर्ने र सो भन्दा कम आम्दानी भएको कुराहरू विद्यमान रहे नरहेको एकिन गर्नुपर्नेछ ।

**५.२ छात्रवृत्तिमा विद्यार्थी छनौट गर्ने प्रक्रिया**

क) सबै विद्यालयहरूले बुदाँ नं ५.१ अनुसार कोटा एकिन गरेपछि सोको जानकारी शैक्षिक शत्र शुरु हुनु दुई महिना अगावै आफ्नो विद्यालय रहेको स्थानीय तहलाई लिखित जानकारी गराउनु पर्नेछ ।

ख) सबै विद्यालयहरूको बुदाँ (क) अनुसारको जानकारी प्राप्त भए पछि स्थानीय तहले विद्यालयबाट प्रस्तावित कोटालाई एकिन गरी वा गर्न लगाई शैक्षिक शत्र शुरु हुनु भन्दा एक महिना अगावै सम्बन्धित विद्यालयले नै सार्वजनिक सूचना जारी गर्ने गरी आवेदन लिने व्यवस्था मिलाउनु पर्नेछ ।

ग) विद्यालयहरूले यसरी प्राप्त आवेदनहरू छानविन गरी आवेदकहरूको सूची प्रकाशन गर्ने र छात्रवृत्तिमा छनौट गर्नको लागि स्थानीय तहको समन्वयमा परीक्षाको मितितय गरी परीक्षा सञ्चालन गर्ने र तोकिएको आरक्षणको परीधिमा रही योग्यताक्रम कायम गरी नतिजा प्रकाशन गर्ने ।

घ) नतिजा प्रकाशन गर्दा छात्रवृति उपलब्ध गराइएका विद्यार्थीहरूको नाम, थर, कक्षा तथा निजको बाबु आमाको नाम, थर वतन सहितको विवरण विद्यालयले विद्यालयको सूचना पाटीमा टाँस गरी विद्यालयको वेभसाईट भएमा त्यसमा समेत सार्वजनिक गर्नु पर्नेछ । विवरण हेर्न चाहने व्यक्तिलाई विद्यालयले त्यस्तो विवरण निःशुल्क हेर्न दिनु पर्नेछ । उपरोक्तानुसारको कामकार्वाही शैक्षिक शत्र शुरु भएको पन्ध्रदिन भित्र सकिसक्नु पर्नेछ ।

ङ) यसरी सिफारिस भएको विद्यार्थीहरूको भर्ना शुल्क, मासिक शिक्षण शुल्क र परीक्षा शुल्क लिन पाइने छैन ।

**५.३ परीक्षाको किसिम**

क) छात्रवृत्ति छनौटको लागि हुने लिखित परीक्षा एक सय पूर्णाङ्कको हुनेछ । स्थानीय तहको समन्वयमा विद्यालयले आवश्यकता अनुसार थप अन्य परीक्षाको साधनहरू पनि अपनाउन सक्नेछ । तोकिएको कोटा भित्र तोकिएको भन्दा कम वा कोटा अनुसारकै मात्र आवेदन परेमा आवेदकहरूलाई अन्तरवार्ताको आधारमा मात्र पनि छनौट गर्न सकिनेछ ।

## परिच्छेद छ

**६.१ आरक्षण सम्बन्धी व्यवस्था**

६.१.१ जेहेनदार, विपन्न, अपाङ्ग, महिला, दलित, जनजाति, जनआन्दोलन तथा मधेश आन्दोलनका घाइते, वेपत्ता तथा शहिद परिवारका सन्ततिहरूले छात्रवृत्ति प्राप्त गर्ने अवस्थालाई सुनिश्चित गर्न आरक्षणको व्यवस्थालाई देहाय अनुसार व्यवस्थित गरिएको छ :

क) विद्यालयले परीक्षा लिएर विद्यार्थी छनौट गरी प्रदान गर्ने कूल दश प्रतिशत छात्रवृत्तिलाई शत प्रतिशत मानी देहायको आधारमा कोटा आरक्षित गर्नुपर्नेछ :

१) जेहेन्दार ३७ प्रतिशत

२) विपन्नता ३६ प्रतिशत

३) जनजाति १० प्रतिशत

४) दलित ५ प्रतिशत

५) अपाङ्ग ३ प्रतिशत

६) जनआन्दोलनका घाइते ३ प्रतिशत

७) शहिद २ प्रतिशत

८) बेपत्ता परिवारको सन्तति २ प्रतिशत

९) मधेश आन्दोलनका घाइतेका सन्तति २ प्रतिशत

ख) यसरी छुट्याएको प्रत्येक आरक्षित समुहको ५० प्रतिशत कोटा छात्राहरूको लागि सुरक्षित गर्नुपर्नेछ । छात्राहरूको कोटा पूर्तिहुन नसकेमा सो कोटामा छात्रहरूलाई प्रदान गर्न सकिनेछ ।

ग) माथि उल्लेखित आरक्षणहरू मध्ये एक विद्यार्थीले कुनै एक आरक्षण समुहबाटमात्र आवेदन दिन पाउनेछ ।

घ) छात्रवृत्ति कोटाको प्राथमिकीकरण गर्दा सबै भन्दा बढी कोटा निर्धारण गरिएकोलाई पहिलो प्राथमिकता दिनु पर्नेछ । बराबर कोटा निर्धारण गरिएको हकमा भने माथि उल्लेख गरिएको प्राथमिकताक्रम अनुसार हुनेछ ।

ङ) कक्षा एघार र बाह्रमा छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्दा कम्तिमा पचास प्रतिशत कोटा सामुदायिक विद्यालयबाट आएका छात्रछात्राहरूको लागि छुट्याउनु पर्नेछ ।

६.१.२ माथि उल्लेखित कोटामा कुनै आवेदन नपरेमा वा आवेदन परेर पनि कुनै परीक्षार्थी उत्तीर्ण हुन नसकेमा वा अन्य कुनै कारणले कोटा पूर्ति हुन नसकेमा छात्रवृत्ति वितरण समितिको निर्णय बमोजिम अन्य धेरै आवेदन परेको कोटामा परिणत गर्न सकिनेछ ।

## परिच्छेद सात

### ७.१ विविध

**७.१.१ जिम्मेवार हुनुपर्ने** स्थानीय तह तथा विद्यालय तहको छात्रवृत्तिको व्यवस्थपनका लागि बैठक बोलाउने, कोटा एकिन गर्ने, परीक्षा सञ्चालन गर्ने, नतिजा प्रकासन तथा सिफारिस लगायतका काम समयमै सम्पन्न गर्नको लागि स्थानीय तहको हकमा शिक्षा अधिकृत तथा विद्यालयको हकमा विद्यालयको प्रधानाध्यापकको जिम्मेवारी रहनेछ ।

**७.१.२ अनुसुचीमा हेरफेर** यस अनुसूचीमा लेखिएको विषयवस्तुका अतिरिक्त अन्य विषयहरू थप गर्नु आवश्यक देखिएमा स्थानीय तहको छात्रवृत्ति व्यवस्थापन समितिको निर्णय बमोजिम आफ्नो क्षेत्रको लागि अन्य विषयवस्तु थप तथा हेरफेर गर्न सकिनेछ ।

**७.१.३ पुनरावेदन दिन सकिने** विद्यालय छात्रवृत्ति वितरण समितिले कुनै कारण जनाई विद्यार्थीलाई छात्रवृत्तिवाट बञ्चित गराएमा सम्बन्धित विद्यार्थी वा निजको अभिभावकले सो को जानकारी पाएको मितिले सात दिन भित्र स्थानीय तहको छात्रवृत्ति व्यवस्थापन समिति समक्ष पुनरावेदन दिन सक्नेछ ।

**७.१.४ खारेजी र बचाउ** क) संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि, २०६९ खारेज गरिएको छ ।

ख) यस कार्यविधि जारी हुनु पूर्व संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि, २०६९ बमोजिम भए गरेका कार्यहरू यसै कार्यविधि अनुरुप भए गरेको मानिनेछ ।

ग) यो कार्यविधि तयार हुनु पूर्व कक्षा एघारमा छात्रवृत्ति छनौटका लागि भए गरेका काम कार्वाहीहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची एक

(विद्यार्थीले आवेदन दिने ढाँचा)

१. विद्यार्थीको नाम, थर :

२. विद्यार्थीको हाल बसोबास गर्दै आएको ठेगाना : क) प्रदेश न. ख) जिल्ला

ग) महानगरपालिका वा गाँउपालिका घ) टोल

३. अभिभावकको नाम थर

क) बाबुकोनाम, थर : ख) पेशा :

ग) आमाको नाम, थर : घ) पेशा

४. विद्यार्थी वा निजको अभिभावकको मोवाइल नम्वर :

५. यस अघि कुनै छात्रवृत्ति पाए नपाएको :

६. आवेदन दिन चाहेको कक्षा :

७. अघिल्लो कक्षाको उत्तिर्ण प्रतिशत वा जिपिए :

८. एस.इ.इ को सिम्वोल नम्वर (कक्षा एघारको लागि मात्र) :

९. कक्षा एघारमा अध्ययन गर्न चाहेको विषय समुह (कक्षा एघारको लागि मात्र) :

१०. एकाघर सगोलमा रहेको परिवारको कुनै सदस्यको नोकरी भए वा नभएको :

११. गरिवी परिवार परिचय पत्र भए वा नभएको :

१२. भूमि सम्बन्धी ऐन, २०२१ बमोजिम जग्गावालाको हैसियतले राख्न पाउने अधिकतम हदवन्दीको तराई तथा उपत्यका, पहाडी र हिमाली क्षेत्रमा क्रमशः पाँच, दश र पन्ध्र प्रतिशत भन्दा कम खेती योग्य जग्गा रहेको वा नरहेको :

१३. आफुले कुन समुहवाट आवेदन दिन चाहेको हो(कुनै एक कोठामा रेजा चिन्ह लगाउनुहोस)

क) जेहेन्दार ☐ ख) विपन्नता ☐

ग) महिला ☐ घ) अपाङ्गता ☐

ङ) दलित ☐ च) जनजाति ☐

छ) जनआन्दोलनको घाइते ☐ ज) वेपत्ता परिवार ☐

झ) मधेश आन्दोलनको घाइतेको सन्तति ☐ ञ)शहिद परिवार ☐

माथि उल्लेखित व्यहोरा ठिक सँचो छन्, फरक परे कानून बमोजिम सहुँला, बुझाउला ।

आवेदक/अभिभावकको दस्तखत :

मिति :

हाल अध्ययनरत विद्यालयको नाम र ठेगाना :

इति वि.स.................. महिना..................... गते............... रोज्................ शुभम ।

## अनुसूची दुई

(आवेदन साथ पेश गर्नु पर्ने कागजातहरूको विवरण)

१. अघिल्लो कक्षा उत्तिर्ण गरेको मार्कसिटको प्रतिलिपी,

२. जनजाति, दलितको हकमा सम्वन्धित आयोग वा जिल्ला प्रसासन कार्यालयको सिफारिसको प्रतिलिपी,

३.वेपत्ता परिवार, शहिद, जनआन्दोलनका घाइते, मधेश आन्दोलनका घाइतेको हकमा गृह मान्त्रालय वा सम्वन्धित जिल्ला प्रसासन कार्यालयको सिफारिस पत्रको प्रतिलिपी,

४.विपन्नता वा गरिवीको हकमा सहकारी तथा गरिवी निवारण मन्त्रालयको गरिवी परिचय पत्रको प्रतिलिपी वा सो नभएको अवस्थामा स्थानीय तहले व्यहोरा खुलाई दिएको सिफारिसको सक्कलै पत्र,

अनुसूची तीन

छात्रवृत्ति व्यवस्थापन कार्य योजना

| क्र.स. | कामको विवरण | कसरि गर्ने | जिम्मेवार निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| १. | विद्यालयको छात्रवृत्तिको कोटा एकिन गर्ने | चालु शैक्षिक शत्रमा भर्ना भएको विद्यार्थीहरूको आधारमा अर्को शैक्षिक शत्रको लागि | विद्यालयको छात्रवृत्ति वितरण समिति | शैक्षिक शत्र शुरु हुनु दुई महिना अगाडि | |
| २. | विद्यालयले स्थानीय तहलाई कोटा निर्धारणको जानकारी गराउने | आरक्षण सहितको छात्रवृत्ति कोटा खुलेको तालिका सहित पत्राचारको माध्यमबाट | विद्यालयको छात्रवृत्ति वितरण समिति | कोटा निर्धारण गरेको तिन दिन भित्र | |
| ३. | छात्रवृत्ति कोटा एकिन गर्ने | आफ्नो क्षेत्र भित्रका सबै विद्यालयबाट छात्रवृत्ति कोटा प्राप्त भए पछि विवरण जाँच गरी कोटा एकिन गर्ने | स्थानीय तहको छात्रवृत्ति व्यवस्थापन समिति र शिक्षा अधिकृत | सबै विद्यायको कोटा प्राप्त भएको एक हप्ता भित्र | |
| ४. | आवेदन आव्हान गर्ने | स्थानीय तहको छात्रवृत्ति व्यवस्थापन समितिसँगको समन्वयमा राष्ट्रिय वा स्थानीय पत्रपत्रिका, एफएम वा सार्वजनिक निकायमा सूचना टाँस गरेर | विद्यालयको छात्रवृत्ति वितरण समिति | छात्रवृत्ति कोटा एकिन भएको एक हप्ता भित्र | |
| ५. | छात्रवृत्तिको परीक्षा सञ्चालन र नतिजा प्रकाशन | स्थानीय तहको समन्वयमा तोकिएको आधारमा परीक्षा सञ्चालन, नतिजा प्रकासन र भर्ना | विद्यालय छात्रवृत्ति वितरण समिति | शैक्षिक शत्र शुरु भएको पन्धदिन भित्र गरिसक्नु पर्ने | |
| ६. | अनुगमन र मूल्यांकन | छात्रवृत्ति व्यवस्थापन समितिका पदाधिकारी वा सो समितिले तोकेको प्रतिनिधिले गर्ने | स्थानीय तहको छात्रवृत्ति व्यवस्थापन समिति | शैक्षिक शत्र शुरु भएको दोस्रो महिना | |
| ७. | प्रतिवेदन पठाउने | छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको विवरण खुलाई छात्रवृत्ति व्यवस्थापन समिति समक्ष लिखित प्रतिवेदन पठाउने | विद्यालयको छात्रवृत्ति वितरण समिति | शैक्षिक शत्र शुरु भएको साठी दिन भित्र | |
| ८. | उजुरी सुनुवाई | विद्यार्थी वा निजको अभिभावकले लिखित निवेदन दिएको १५ दिन भित्र छात्रवृत्ति व्यवस्थापन समितिले छानविन गरी निवेदनको टुङ्गा लगाई विद्यालय छात्रवृत्ति वितरण समितिलाई लिखित जानकारी पठाएर | स्थानीय तहको छात्रवृत्ति व्यवस्थापन समिति | निवेदन दिएको पन्ध्र दिन भित्र | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९. | नतिजा सच्याउने | छात्रवृत्ति व्यवस्थापन समितिले दिएको निर्देशनको सुनुवाइ गरेर | विद्यालय छात्रवृत्ति वितरण समिति | जानकारी प्राप्त भएको मितिले एक हप्ता भित्र | |